# मासीक समाचार पत्रिका

अंक ३, वर्ष २, आषाढ १ गते, शनिबार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी

मिति २०८१/०२/०३



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना र धौलागिरी गाउँपालिकाको समन्वयमा स्वास्थ्यकर्मी हरुको लागि १ दिने हात्ती पाइले मर्बिडीटि म्यपिङ्ग, बिरामी व्यवस्थापन तथा अपाङ्गता रोकथाम सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ/



कार्यक्रमको अध्यक्षता धौलगिरी गाउँपालिका अध्यक्ष प्रेम प्रसाद पुन ले गर्नुभएको थियो भने प्रमुख आतिथ्यता गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मोति प्रसाद अर्यालले गर्नु भएको थियो कार्यक्रमको प्रशिक्षण गाउँपालिका स्वास्थ्य संयोजक सम्झना खाती क्षेत्रि र सह संयोजक अनिशा आचार्यले संयुक्त रुपमा गर्नु भएको थियो/ कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट ज.स्वा.अ. राजेन्द्र सापकोटा ररघुगंगा गा.पा.मा कार्यरत हम फगामी ले सहजीकरण गर्नुभयको थियो

मिति २०८१०/०२/०४



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना र रघुगंगा गाउँपालिकाको समन्वयमा स्वास्थ्यकर्मी हरुको लागि १ दिने हात्ती पाइले मर्बिडीटि म्यपिङ्ग, बिरामी व्यवस्थापन तथा अपाङ्गता रोकथाम सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ/ कार्यक्रमको अध्यक्षता रघुगंगा गाउँपालिकाप्रमुख नि.प्रमुख प्रशासकीय अधिकृत पदम बहादुर भण्डारीले गर्नु भएको थियो भने कार्यक्रमको आतिथ्यता गाउँपालिका स्वास्थ्य संयोजक टिका शाहीले गर्नु भएको थियो/ कार्यक्रमको प्रशिक्षण गाउँपालिका सह-संयोजक बीर बहादुर ओली र स्वास्थ्य कार्यालय म्याग्दीका ज.स्वा.अ. राजेन्द्र सापकोटाले गर्नुभएको थियो

# मासीक समाचार पत्रिका

अंक ३, वर्ष २, आषाढ १ गते, शनिबार


जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी

मिति २०८१/०२/०७



म्याग्दी जिल्ला मालिका गाउँपालिकाको वार्ड नम्बर २ मा रहेको रुम स्वास्थ्य चौकीमा बेनी अस्पतालको आयोजना तथा गाउँपालिकाको समन्वयमा १ दिने निशुल्क प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्कृनिङ शिबिर प्रसुती रोग विशेषज्ञ डा. अन्जु थापा सहित बेनी अस्पतालको टोली, रुम स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकाहरु, विभिन्न समाजसेबी ब्यक्तिहरुको सहयोगमा सम्पन्न भएको छ।

मिती २०८१/०२/०७



बिधालय स्वास्थ्य तथा पोषण सप्ताह कार्यक्रम २०८१ अन्तर्गत श्री दीपक मा.बी. मा पोषणको महत्त्व एवं पोषिलो खानेकुराहरुको मुख्य स्रोतहरुको बारेमा बिद्यार्थीहरुसँग जानकारिमुलक अन्तरक्रिया एवं बिधालय स्वास्थ्य शिक्षा तथा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।

मिती २०८१/०२/०७




रघुगंगा गा.पा. को आयोजनामा सायना प्रेस) DMPA-SC) सेवा संचालन तथा विस्तार सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ/

मिती २०८१/०२/०८



# मासीक समाचार पत्रिका

अंक ३, बर्ष २, आषाढ १ गते, शनिबार


आई.पि. भि. खोप अभियान सम्बन्धी वडा खोप समन्वयसमितिको पदाधिकारीहरुको लाग १ दिने अभिमुखिकरन कार्यक्रम सम्पन्न भएको छ।

मिति २०८१/०२/०८



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना र मालिका गाउँपालिकाको समन्वयमा स्वास्थ्यकर्मी हरुको लागि १ दिने हात्ती पाइले मर्बिडीटि म्यपिङ्ग, बिरामी ब्यावस्पाथापन तथा अपाङ्गता रोकथाम सम्बन्धि प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ/



कार्यक्रमको अध्यक्षता मालिका गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत चुर्ण बहादुर कार्कीले गर्नु भएको थियो भने कार्यक्रमको आतिथ्यता स्वास्थ्य कार्यालय म्याग्दीका जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटाले गर्नु भएको थियो/



कार्यक्रमको प्रशिक्षण दर्बाङ्ग आधारभुत अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. गायत्री पौडेल, गाउँपालिका स्वास्थ्य सह-संयोजक तेजेन्द्र राना र स्वास्थ्य कार्यालय म्याग्दीका ज.स्वा.अ. राजेन्द्र सापकोटाले संयुक्त रुपमा गर्नु भएको थियो/ कार्यक्रममा वार्ड तहमा कार्यरत स्वास्थ्य कर्मी हरुको उपस्थिति रहेको थियो/

मिति २०८१/०२/११



# मासीक समाचार पत्रिका

अंक ३, वर्ष २, आषाढ १ गते, शनिबार

स्वास्थ्य कार्यालय म्याग्दिको आयोजनामा पोलियो रोग बिरुद्धको आई पि भि खोप अभियान सफल बनाउन जिल्ला खोप समन्वय समिती तथा संचारकर्मिहरुसंगको छलफल बहस पैरवि बैठक सम्पन्न भएको छ ।

मिति २०८१/०२/११



ओखरबोट स्वास्थ चौकीमा खोप समन्वय समिति, स्वयं सेविका तथा कर्मचारीहरुका लागि आइ.पी.भी खोप अभियान सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सप्पन्न भएको छ/

मिति २०८१/०२/११



रघुगंगा गा.पा.को आयोजनामा क्षयरोग घरदैलो कार्यक्रम एवं क्षयरोग खोजपड्तालका लागि समुदाय स्तरमा क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ/

मिति २०८१/०२/१२



दरबाङ्ग प्राथमिक स्वास्थ्य केन्द्र र नयाँ बजार टोलको सहकार्यमा डेङ्गु महामारी रोकथाम होस भन्ने उदेश्यका साथ सहकार्यमा टोल सरसफाइ, पानी जम्ने स्थानको सरसफाइ गरि लाम्खुट्टेको बास्थान नस्ट गर्ने कार्य सम्पन्न भएको छ।

मिति २०८१/०२/१३



# मासीक समाचार पत्रिका

अंक ३, वर्ष २, आषाढ १ गते, शनिबार

पोलियो रोग विरुद्धको आई .भी.पि. खोप अभियानको शुभारम्भ बेनी नगरपालिका वडा नं ७, प्रकाश माध्यमिक विधालयबाट भएको छ । कार्यक्रममा जिल्ला खोप समन्वय समितीको संयोजक, उप संयोजक,प्रमूख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमूख, जिल्ला शसत्र प्रहरी बल म्याग्दी प्रमूख, प्रकाश मा वि शिक्षक ,बेनी नगरपालिका स्वास्थ्य शाखा, खोप कार्यकर्ता तथा म. सा. स्वा. से. को उपस्थिती रहेको थियो ।



त्यस्तैगरी मंगला गा.पा मा पखेर आधारभुत विधालयबाट पोलियो रोग विरुद्धको आई पि भी खोप अभियान शुभारम्भ भएको थियो/




मिति २०८१/०२/१९



स्वास्थ्यकार्यालय म्याग्दीको आयोजना तथा रघुगंगा गाउँपालिकाको समन्वयमा महिनावारी स्वच्छता सम्बन्धि बक्तित्वकला कार्यक्रम सम्पन्न भएको छ/ कार्यक्रममा गाउँपालिका भित्रका जम्मा ६ वटा आधारभुत/माध्यमिक बिधालयबाट १/१ जना सहभागी बिधार्थीहरु र बिधालयबाट १/१ जना प्रतिनिधि शिक्षकहरुको सहभागिता रहेको थियो/ कार्यक्रम गाउँपालिकाको तर्फबाट स्वास्थ्य शाखा र शिक्षा शाखाबाट उपस्थिती हुनुकासाथै कार्यक्रममा सहभागी बिधार्थीहरुको मुल्याङ्कन गर्नु भएको थियो/ कार्यक्रममा प्रथम, द्धितिय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने बिधार्थीहर्को लागि पुरस्कार तथा प्रमाण-पत्र वितरण गरिएको थियो/ उक्त कार्यक्रममा स्वास्थ्य कार्यालयको तर्फबाट ज.स्वा.अ. राजेन्द्र सापकोटा र लक्ष्मीधर पौडेलले सहजीकरण गर्नु भएको थियो /



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा RRT टिमका सदस्यहरूलाई SORMAS सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा WHO पोखरा, स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालय म्याग्दीका विभिन्न सहजकर्ताहरूले सहजिकरण गर्नुभएको थियो।



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना मा स्वास्थ्यकर्मी हरुको लागि ६ दिने IMNCI तालिम सम्पन्न भयो/ उक्त तालिममा सहभागीहरुको लागि विभिन्न खलका प्रदर्शन गराइ शिप बिकाश सम्बन्धि प्राक्टिकल सेसन हरु संचालन गरिएको थियो/ कार्यक्रम सहजीकरण बेनी अस्पतालबाट मेडिकल अधिकृतहरुको टिमले गर्नु भएको थियो/ कार्यक्रमको अन्त्यमा सहभागीहरुलाइ प्रमाण-पत्र वितरण गरी कार्यक्रम सम्पन्न गरिएको थियो/




WHO IPD अफिस पोखराको आयोजना र स्वास्थ्य कार्यालय म्याग्दीको समन्वयमा सेर्भिलेन्स गरिने रोगहरु (Vaccine Preventable Disease Surveillance) कार्यशाला गोष्ठी सम्पन्न भएको छ/



जिल्लामा बिगत बर्ष देखि १० वटा साप्ताहिक जिरो रिपोर्टिङ केन्द्र रहीआएकोमा यसै कार्यक्रमबाट अन्य ७ वटा थप गरि १७ वटा जिरो रिपोर्टिङ केन्द्र संचालन गरिने भएको छ/ उक्त कार्यक्रमको सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश का खोप अधिकृत एक नारायण लम्साल, WHO IPD डा. स्मृति लामा र

# मासीक समाचार पत्रिका

अंक ३, बर्ष २, आषाढ १ गते, शनिबार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी


बेनी अस्पताल मे.सु डा. अन्जु थापा ले सयुक्त रुपमा गर्नुभएको थियो/



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना तथा बेनी नगरपालीका को समन्वयमा परिवारिक तथा जनसांख्यिक लगत संकलन सम्बन्धि जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरूलाइ अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।कार्यक्रम स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठी र बेनी नगरपालिका नगर प्रमुख सुरज के.सी. को प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो/ कार्यक्रम बेनी नगरपालिका सभा-हलमा बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, स्वास्थ्य कर्मीहरु तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा भएको थियो/



नेपाली सेनाको आयोजनामा र विभिन्न निकायहरुको समन्वयमा एकिकृत बृहत शिविर मालिका गाँउ पालिका म्याग्दीमा सम्पन्न भएको छ।कार्यक्रममा नेपाली सेनाको तर्फबाट उक्त शिविरमा समन्वयात्मक भूमिका खेल्ने सम्पूर्ण निकाय तथा संस्थाहरुलाई प्रशंसा-पत्र प्रदान गरिएको थियो/




स्वस्थ कार्यालय म्याग्दीको आयोजनामा मंगला गाउँपालिका-५अर्मन स्वास्थ्य चौकीमा १ दिने महिला तथा स्त्री-रोग सम्बन्धि स्वास्थ्य शिविर सम्पन्न भएको छ/ उक्त शिविरबाट ६० जना महिला लावान्वित भएका छन/ शिविरमा बेनी अस्पतालका स्त्री रोग बिशेसज्ञ डा. अन्जु थापा र मेडिकल अधिकृत डा. रामु सापकोटा सहित बेनी अस्पतालको मेडिकल टिम बाट सेवा प्रदान गरिएको थियो/